# मंगला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
वाबियाचौर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

## सूची दर्ता गर्ने सम्बन्धि सूचना
(प्रकाशित मिति २०७६/०४/२४)

यस मंगला गाउँपालिकाको लागि आ.वि ०७६/०७७ मा आवश्यक पर्ने तपशिलका सामान र सेवाहरु आपूर्ति गराउन इच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनि वा संस्थाहरुबाट सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ बमोजिम मौजुदा सूची दर्ता गर्न यस मंगला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा रित पूर्वकको निवेदन पेश गर्न हुन यो सूचना आह्वान गरिएको छ ।साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ को उपनियम १ (क) मा नेपालमा उत्पादित रु १५ लाख सम्मको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेकोले त्यस्ता इच्छुक उत्पादकहरुलाई समेत सूचीकरणको लागि आह्वान गरिन्छ ।

**क) कामको विवरण**

१. मसलन्द सामान र अन्य कार्यालय सामान आपूर्ति कार्य ।
२. छपाई सम्बन्धि कार्य ।
३. सवारी साधन मर्मत तथा सम्भार कार्य ।
४. फर्निचर एवं फर्निसिङ्ग सम्बन्धि सामान आपूर्ति तथा मर्मत कार्य ।
५. कम्प्यूटर, प्रिन्टर, फोटोकपि जस्ता यन्त्र उपकरण आपूर्ति तथा मर्मत कार्य ।
६. मानव सशाधन विकास तालिम सञ्चालन कार्य ।
७. विज्ञापन एजेन्सी सम्बन्धि कार्य ।
८. प्राविधिक परामर्श सेवा प्रदान गर्ने कार्य ।
९. इन्धन आपूर्ति गर्ने कार्य ।
१० . कृषि, पशु, स्वास्थय सम्बन्धि औजारहरु र औषधीहरु ।

**ख) दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु**

१. फर्म वा कम्पनी दर्ता प्रमाण पत्रको छायाप्रति ।
२. स्थायी लेखा नं र मुल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाण पत्रको छायाकपी ।
३. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
४. मु.अ. करमा दर्ता हुन नपर्नेको हकमा सो को आधिकारिक कागजातको छायाकपी ।

**ग) अन्य जानकारी**

१. आवश्यक प्रमाणपत्रको प्रतिलिपि संलग्न नभएको वा रित नपुगेको निवेदन उपर कुनै कारवाहि हुने छैन ।
२. सूचिकृत भएका बिक्रेता फर्महरुबाट कार्यालयको आवश्यकता अनुसारको सामान खरिद गर्न तथा सेवा प्राप्त गर्न सो सम्बन्धि काममा कोटेशन घटीघटाउको बोलपत्रमा भाग लिन अनुरोध गरिनेछ ।
३. सूचीकृत भएका कम्पनी तथा फर्महरले सन्तोषजनक सेवा तथा सामान सप्लाई नगरेको खण्डमा सूचीकृतबाट हटाउन सकिनेछ ।यस उपर कुनै दावि विरोध गर्न पाइने छैन ।
४. कम्पनी फर्म वा संस्था सूचीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मंगला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा निहित रहनेछ ।

प्रमुख प्रशासकीय अधिकृत
मंगला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय